मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

जलेश्वर, महोत्तरी

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :-२०८१/०९/११

यस कार्यालयको आ.व.२०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायको कार्यक्रम सन्चालनका लागि "कृषि अनुदान परिचालन कार्यविधि २०७६" र "पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१" मा उल्लेखित प्रावधान तथा शर्तहरू बमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक/उधमी/व्यवसायिक फार्महरूले देहाय अनुसारका कागजातहरू सहित यो सूचना प्रकाशित भएको मितिले ३०औ दिन (मिति २०८१/१०/११) सम्म कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु/गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ । आवेदन पत्रको ढाँचा यस कार्यालयको website: vhlseemahottari.p2.gov.np वा यस कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं.०४४-५२००७२ वा अधिकृत छैठौं श्री विजय पाण्डेयको मो.नं.९८४१९०३९६३ मा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कुल अनुदान रकम | प्रति लाभग्राही अधिकतम अनुदान रकम | लागत साझेदारी | साझेदार अनुदानग्राही | पेश गर्नुपर्ने आवश्यक थप कागजातहरु |
|---|---|---|---|---|---|---|---|---|
| १. | पशु आहरा आत्मनिर्भर कार्यक्रम | पटक | ४ | रु.१५ लाख | रु.३ लाख ७५ हजार | ५०% | कृषक/फार्म/समूह/सहकारी | |
| २. | दुध जोन कार्यक्रम | संख्या | १ | रु.२७ लाख | रु.२७ लाख | ५०% | पशुपालनमा आवद्ध समूह/सहकारी/दुध संकलन केन्द्र | कम्तिमा दैनिक २० हजार लि.दुध उत्पादन हुने क्षेत्र खुलाईएको स्थानीय तहको सिफारिस पत्र |
| ३. | मागमा आधारित पशुपन्छी फार्महरु पुनःस्थापना तथा सुधार कार्यक्रम | पटक | १ | रु.२० लाख | रु.२ लाख | ५०% | कृषक/फार्म/समूह/सहकारी | प्राकृतिक प्रकोपबाट हानी नोक्सानी भएको खुलाईएको सम्बन्धित स्थानिय तहको सिफारिस |
| ४. | पशुपालन असल अभ्यास कार्यक्रम | पटक | १ | रु.५लाख | रु.१ लाख | ५०% | व्यवसायिक गाईभैंसी फार्म | |

**देहायः**

१। रु.१० को टिकट टाँस गरी फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन.

२। आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको-प्रतिलिपि, समुह/सहकारीको हकमा कार्यक्रम सहभागी हुने सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी.

३। आधिकारिक निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि.

४। स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि.

५। कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि.

६। फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना.

७। समूह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी.

८। कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा को प्रतिलिपी र करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी र जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको).

९। अन्य आवश्यक कागजातहरु ।

पुनश्चः प्रताव/आवेदनको आवेदनको ढाँचा यस कार्यालयको वेबसाईटः vhlseemahottari.p2.gov.np बाट डाउनलोड गरी बाट प्राप्त गर्न सक्नेछ।



nail/u/0/#inbox/FMfcgzQXKqpFWmGHpwvtzTQgfRmZdDGf?projector=1 1/

CamScanner